आज मिति २०७८ वैशाख २७ गते सोमबारका दिन यस देवचुली नगरपालिकाको नगर प्रमुख श्री पूर्ण कुमार श्रेष्ठज्यूको अध्यक्षता मा ७३ औ कार्यपालिका बैठक बस्यो ।

<u>उपस्थिती</u>

| सि.न | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री पूर्ण कुमार श्रेष्ठ | नगर प्रमुख | |
| २ | श्री पार्वता तिवारी | नगर उप-प्रमुख | |
| ३ | श्री लक्ष्मणराज भण्डारी | कार्यपालिका सदस्य | |
| ४ | श्री माधव के.सी | कार्यपालिका सदस्य | |
| ५ | श्री गोपाल राज शर्मा लम्साल | कार्यपालिका सदस्य | |
| ६ | श्री गिर बहादुर थापा क्षेत्री | कार्यपालिका सदस्य | |
| ७ | श्री शिवलाल सापकोटा | कार्यपालिका सदस्य | |
| ८ | श्री मिन बहादुर सोती | कार्यपालिका सदस्य | |
| ९ | श्री भुपराज पाठक | कार्यपालिका सदस्य | |
| १० | श्री चन्द्र बहादुर सिजाली | कार्यपालिका सदस्य | |
| ११ | श्री मेख बहादुर थापा मारु मगर | कार्यपालिका सदस्य | |
| १२ | श्री केशर आले | कार्यपालिका सदस्य | |
| १३ | श्री रमेश बहादुर ठाडा मगर | कार्यपालिका सदस्य | |
| १४ | श्री दिनानाथ भुसाल | कार्यपालिका सदस्य | |
| १५ | श्री डिल बहादुर खत्री | कार्यपालिका सदस्य | |
| १६ | श्री हेमराज दवाडी | कार्यपालिका सदस्य | |
| १७ | श्री हरिभक्त भट्टराई | कार्यपालिका सदस्य | |
| १८ | श्री केशर बहादुर क्षेत्री | कार्यपालिका सदस्य | |
| १९ | श्री विष्णु प्रसाद आचार्य | कार्यपालिका सदस्य | |
| २० | श्री टिकामाया सिजाली | कार्यपालिका सदस्य | |
| २१ | श्री सकुन्तला गुरुङ | कार्यपालिका सदस्य | |
| २२ | श्री सुवोचन्द्र सुवेदी | कार्यपालिका सदस्य | |
| २३ | श्री माया सुवेदी | कार्यपालिका सदस्य | |
| २४ | श्री नव कुमारी शर्मा | कार्यपालिका सदस्य | |
| २५ | श्री कमला दमै | कार्यपालिका सदस्य | |
| २६ | श्री खेमलाल नेपाली | कार्यपालिका सदस्य | |
| २७ | श्री भोज बहादुर माझी | कार्यपालिका सदस्य | |
| २८ | श्री गोविन्द सिग्देल | सदस्य सचिव | |

Scanned with CamScanner

## २०७८।१।२७ को ७३ औ नगर कार्यपालिका वैठकमा छलफल गरी निर्णय भएका विषयहरु

१, कोरोना महामारी रोगको उपचारका लागि सहुलियत तथा व्यवस्थापन सम्वन्धमा ।

२, सामुदायिक प्राकृतिक चिकित्सालयबाट कोभिड उपचारको व्यवस्थापन सम्वन्धमा ।

३, कोभिड उपचार संचालनमा जनप्रतिनिधिहरु समेत रहेको निर्देशक समिति गठन गर्ने सम्वन्धमा ।

४, २०७८।१।२१ को विषयगत समेतले गरेको निर्णय समर्थन गर्ने सम्वन्धमा ।

५, राष्ट्रिय जनगणनाको कार्यक्रम संचालन सम्वन्धमा ।

६, भवन निर्माण तथा नक्सा नियमित गर्ने कार्यको म्यादथप सम्वन्धमा ।

७, नेतृत्व विकास तालिममा विनियोजन रकम रु, २ लाखबाट वडा नं. ७ को जनजाती महासंघको भवनमा शौचालय निर्माण गर्ने सम्वन्धमा ।

८, वडा नं. १३ को बोटेटोल जानेबाटो स्तरोन्नतीको रु, १ लाख ५० हजार रकम बागेश्वरी टोल राजमार्ग तलजानेबाटो स्तरोन्नती कार्यमा रकमान्तर गर्ने सम्वन्धमा ।

९, कोभिडसंग सम्वन्धित बाहेक अन्य योजना/कार्यक्रमहरुको संझौता सम्वन्धमा ।

१०, वडा नं. १० को लक्षित विकास कार्यक्रममा बिनियोजित रु, ४ लाख मध्येबाट रु, १ लाख प्रधानमन्त्री रोजगार कार्यक्रममा समपुरकका लागि र रु, ८ हजार तालिम कार्यक्रममा रकमान्तर गर्ने सम्वन्धमा ।

११, विविध विषय ।

Scanned with CamScanner

**निर्णय नं.१,**

प्रस्ताव नं १ उपर छलफल गर्दा यस नगरपालिका क्षेत्रमा देखापरेको नयाँ भेरिएन्ट सहितको कोभिड पोजेटिभ बिरामीहरुलाई उपचार गर्ने सिलसिलामा अर्को व्यवस्था नभएसम्म हललाई निम्नानुसार सहुलियतको व्यबस्था सहितको सेवा उपलव्ध गराउने निर्णय गरियो ।

क) नगरपालिकाबाट संचालित एम्वुलेन्सबाट भएको ओसारपसारमा नि:शुल्क सेवा उपलव्ध गराउने ।

ख) दुम्कौली प्राथमिक स्वास्थ्य केन्द्रमा उपचारको क्रममा गरिने एक्सरे, ल्याव परीक्षण, औषधि आदि जस्ता सेवामा प्राथमिक स्वास्थ्य केन्द्रको प्रचलित व्यवस्थालाई निरन्तरता दिने ।

ग) उपचारको क्रममा रात बिताउनु पर्ने बिरामीलाई आवश्यकता अनुसार खाना र खाजा खर्च नगरपालिकाबाट नि:शुल्क उपलव्ध गराउने ।

घ) अवस्था अनुसार अक्सिजन दिनु पर्ने विरामीहरुका लागि चिकित्सकको परामर्श अनुसारको अक्सिजन उपलव्ध भएसम्म नि:शुल्क गराउने ।

ङ) दुम्कौली प्राथमिक स्वास्थ्यकेन्द्रबाट अन्यत्र रिफर गर्नुपर्ने अवस्था आएमा भरतपुर वा मध्यविन्दु जिल्ला अस्पतालसम्म लैजादाको एम्वुलेन्स सेवा नि:शुल्क गराउने ।

च) नगर क्षेत्रभित्र कोरोना पोजेटिभ बिरामीबाट मृत्यूहुनेको दर बढ्दै गएको, त्यस्ता पोजेटिभ बिरामीका शब जुनसुकै सवारीमा ओसारपसार गर्न जोखिम पूर्ण भएकोले हालको अवस्थामा शब व्यवस्थापन कार्यका लागि उपयुक्त एउटा सवारी साधन भाडामा लिई शब बाहनको रुपमा प्रयोगमा ल्याउने ।

छ) कोभिड अस्थायी अस्पताल संचालनका लागि जनशक्ति व्यवस्थापन गर्ने सिलसिलामा कार्यालय सहयोगी १ जनालाई काममा लगाइ सकिएकोले छनौट हुन बाँकी चिकित्सक १जना, स्टाफ नर्स २ जना छोटो तरिका अपनाइ करार सेवा विधिबाट छनौट गरी तुरुन्त कामकाजमा लगाई निजहरुको पारिश्रमिक रकम निकासाका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा अनुरोध गर्ने ।

ज) कोरोना पोजेटिभ बिरामीहरुलाई आवश्यकता अनुसार तत्काल टोल टोलमा नै सेवा उपलव्ध गराउन उत्सुक हुने युवाहरुभए नजिकका टोलको प्रतिनिधित्व हुने गरी प्रत्येक वडाबाट वढीमा ४/४ जनाका दरले स्वायम्सेवक छनौट गरी वडा कार्यालयहरुले यथासक्य छिटो नगरपालिका स्वास्थ्य शाखामा नाम नामेसीको बिवरण पठाउने र त्यस्ता स्वायम्सेवक हरुलाई पीपीइ,माक्स, ग्लोभ्स, भाइजर लगायतका व्यक्तिगत सुरक्षा सामाग्री उपलव्ध गराई सो प्रयोगमा सुरक्षित हुने तरिकावारे नगर स्वास्थ्य शाखाबाट प्रशिक्षण दिने व्यवस्था मिलाउने ।

गोविन्द सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

०१-२८
पूर्णकुमार श्रेष्ठ
नगर प्रमुख

Scanned with CamScanner

निर्णय नं.२,

प्रस्ताव नं २ उपर छलफल गर्दा यस नगरपालिका वडा नं. १६ मा रहेको सामुदायिक प्राकृतिक चिकित्सालयलाई आइसोलेसनको रुपमा प्रयोग गर्नका लागि छलफलहुंदा चिकित्सकको परामर्श अनुसार हालको अवस्थामा थप जटिल प्रकृतिका बिरामीहरुलाई चिकित्सकको प्रत्यक्ष निगरानीमा उपचार गराउनु पर्ने, उपचारको सिलसिलामा त्यस्ता बिरामीहरुको एक्सरे, ल्याव सुविधा लगायत अक्सिजन सिलिण्डर अति आवश्यक देखिएकोले एक्सरे मेसिन,ल्याव सुविधा र आवश्यकता अनुसार अक्सिजन सिलिण्डर जस्ता स्वास्थ्य उपकरणहरु तत्काल व्यवस्थापनका लागि प्रदेश सरकार सामाजिक बिकास मन्त्रालय समक्ष अनुरोध गर्ने । प्रदेश सरकारको राय परामर्श अनुसार तत्काल अन्य बैकल्पिक व्यवस्था गर्नुपर्ने देखिएमा अत्यवस्यक स्वास्थ्य उपकरणहरु क्रमश: नगरपालिकाबाटै व्यवस्थापन गरी देवचुली नगरवासीहरुलाई सामुदायिक प्रकृतिक चिकित्सालयबाटै आपतकालिन स्वास्थ्य सेवा उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ३,

प्रस्ताव नं. ३ उपर छलफल गर्दा हाल महामारीको रुपमा फैलिएको नयाँ भेरिएन्ट सहितको कोरोना महामारीबाट जुनसुकै बखत तत्काल निर्णय गरी कार्यसंचालन गर्नुपर्ने अवस्था देखिएकोले निम्नानुसार पदाधिकारीहरु रहेको देवचुली नगरपालिका स्तरीय एक निर्देशक समिति गठन गरी सो समितिको निर्देशन अनुसार तत्काल कोभिड महामारी व्यवस्थापनको लागि थप निर्देशन जारी गर्ने निर्णय गरियो ।

| | | | |
|---|---|---|---|
| श्री पूर्णकुमार श्रेष्ठ | नगर प्रमुख | देवचुली नगरपालिका | संयोजक |
| श्री डिलवहादुर खत्री | संयोजक | आर्थिक विकास समिति दे.न.पा. | सदस्य |
| श्री गोपालप्रसाद शर्मा लम्साल | संयोजक | सं.विकास से. प्र. र सुशासन समिति | सदस्य |
| श्री भूपराज पाठक | संयोजक | पूर्वाधार विकास समिति दे.न.पा. | सदस्य |
| श्री हेमराज दवाडी | संयोजक | वातावरण तथा विपद व्यवस्थापन समिति दे.न.पा. | सदस्य |
| श्री दिनानाथ भूसाल | संयोजक | विधायन समिति दे.न.पा. | सदस्य |
| श्री विष्णुप्रसाद आचार्य | संयोजक | सामाजिक विकास समिति | सदस्य |
| श्री गोविन्द सिग्देल | प्र.प्र. अधिकृत | देवचुली नगरपालिका | सदस्य |
| श्री रामकुमार श्रेष्ठ | स्वास्थ्य शाखा प्रमुख | देवचुली नगरपालिका | सदस्य सचिव |

गोविन्द सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

पूर्णकुमार श्रेष्ठ
नगर प्रमुख

Scanned with CamScanner

निर्णय नं. ४,

प्रस्ताव नं ४ उपर छलफल गर्दा मिति २०७८।१।२१ गते श्रीमान् नगर प्रमुख ज्यू को संयोजकत्वमा विषयगत समितिका पदाधिकारी समेतको उपस्थितिमा बसेका आपतकालिन बैठक र देवचुली नगरपालिका भित्र संचालित एम्बुलेन्स संचालकहरु बीच भएको बैठकको निर्णय समर्थन गरी तत्काल कार्यन्वयनमा लैजाने निर्णय गरियो ।

निर्णय नं. ५,

प्रस्ताव नं ५ उपर छलफल गर्दा राष्ट्रिय जनगणना २०७८ को सम्वन्धमा स्थानीय तहबाट सम्पादन गर्नुपर्ने विषयमा भएका निर्देशन तथा परिपत्रका सम्वन्धमा आवश्यकता अनुसार सहयोग, समन्वय गरी सहकार्यका लागि प्रतिवद्धता जनाउने निर्णय गरियो ।

निर्णय नं. ६,

प्रस्ताव नं. ६ उपर छलफल गर्दा देवचुली नगरपालिकाको मिति २०७७।६।१४ मा सम्पन्न ६६ औं नगर कार्यपालिकाबाट स्थानीय सरकार संचालन ऐन २०७४ मा व्यवस्था भए अनुसार देवचुली नगरपालिकाको बस्ती विकास, शहरी योजना तथा भवन निर्माण मापदण्ड निर्देशिका २०७७ अनुसार विभिन्न किसिमका भौतिक संरचनाका नक्सा पास, नक्सा नियमित तथा अभिलेखीकरण सम्वन्धी कार्यका लागि २०७७ चैत्र मसान्त सम्मका म्याद थप भएकोमा उक्त अवधिभित्र सवै लाभग्राहीहरुलाइ समेट्न नसकिएकोले सम्वन्धित सवैको माग बमोजिम २०७८ असार मसान्त सम्मका लागि म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ७,

प्रस्ताव नं ७ उपर छलफल गर्दा देवचुली नगरपालिकाबाट बियोजित नेतृत्व विकास तालिम जनजाति तथा अन्य विपन्न महिलाको लागि विनियोज रु, २ लाख मध्ये हालको अवस्थामका तालिम संचालन गरी कार्यक्रम संचालन गर्न कठिनाइ परेकोहुंदा उक्त बिनियोजित रकम प्राविधिकबाट तयार भएको लागत इष्टिमेटको आधारमा वडा नं. ७ मा रहेको आदिवासी जनजाति समुदायको सार्वजनिक भवनमा शौचालय निर्माणका लागि रकमान्तर गर्ने निर्णय गरियो ।

निर्णय नं. ८,

प्रस्ताव नं ८ उपर छलफल गर्दा वडा नं १३ को बोटेटोल जाने बाटो स्तरोन्नतीका लागि रकमान्तर भएको १ लाख ५० हजार रुपैयाबाट राजमार्ग तल जाने बाटो स्तरोन्नती गर्ने कार्यमा प्राविधिकबाट तयार भएको लागत इष्टिमेटको आधारमा कार्य सम्पन्न गर्ने गरी रकमान्तर गर्ने निर्णय गरियो ।

गोविन्द सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

Scanned with CamScanner

**निर्णय नं. ९,**

प्रस्ताव नं ९ उपर छलफल गर्दा वडा नं १० को लक्षित वर्ग विकास कार्यक्रम रु, ४ लाख मध्येबाट रु, १ लाख प्रधानमन्त्री रोजगार कार्यक्रममा समपुरकका लागि र रु, ८ हजार तालिम कार्यक्रम संचालनका लागि रकमान्तर गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०,**

प्रस्ताव नं १० उपर छलफल गर्दा हालको अवस्थामा नयां भेरिएन्ट सहितको कोरोना भाइरसबाट आक्रान्त नगरवासीहरुको स्वास्थ्योपचारका सिलसिलामा सम्भावित जोखिमलाई न्यूनिकरण गर्ने सिलसिलामा थप बजेट व्यवस्था गर्नुपर्ने अवस्था देखिन आएकोले यसमा उल्लेखित रकमान्तर भएका योजनाहरु बाहेक अन्य संझौता हुन बाँकी आयोजना/कार्यक्रमहरु संझौता नगरी बचत हुन आएको रकम कोभिडसंग सम्वन्धित कार्यमा खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११,**

क) हाल महामारीको रुपमा फैलिएको नयाँ भेरिएन्ट सहितको कोभिड रोग नियन्त्रण, रोगथाम तथा नगरपालिका संगको आपसी समन्वयमा नेपाली कांग्रेस देवचुली नगर समितिबाट प्रकोप न्यूनिकारण समिति गठन गरी सो समितिको सक्रियतामा नगरपालिकासंग सहकार्य गरी पार्टीको नयाँ निर्मित भवन महामारीको अवधिभर आवश्यकता अनुसार नगरवासीहरुको स्वास्थ्योपचारको सिलसिलामा उपयोग गर्ने गरी उपलव्ध गराएकोमा नेपाली कांग्रेस देवचुली नगर समिति प्रति हार्दिक आभार प्रकट गर्ने निर्णय गरियो ।

ख) मिति २०७८।१।२१ गते १ वजे तिरको समयमा कोभिड पोजेटिभ विरामीको मृत्युको विषयलाई लिएर राजनीतिक पूर्वाग्रह राखी देवचुली नगरपालिका सचेत नागरिकको हवाला दिई प्रमुख प्रशासकीय अधिकृत लगायत निर्वाचित जनप्रतिनिधि समेतलाई अपमान जन्य अपशब्द, गालि-गलौज जस्ता निन्दनीय कार्य गरी सामाजिक सन्जालमा समेत दुराशय पूर्ण तरिकाबाट यस नगरपालिकाकै दुष्प्रचार सहित भ्रम फैलाई जन-प्रतिनिधि तथा कर्मचारीहरुको मनोवल गिंराउने कार्य गरेकोमा उक्त निन्दनीय कार्यप्रति दु:ख व्यक्तगर्दै खेद प्रकट गर्ने निर्णय गरियो ।

ग) हाल कोरोना महामारीको अवस्थामा नगर प्रमुखको दैनिक कार्यलाई सहजीकरण गरी नगरपालिका र नगरवासीहरुबीच आपसी समन्वयका लागि श्रीमान् नगरप्रमुख ज्यूबाट एक जना स्वकीय सचिव नियुक्तिका लागि माग भए अनुसार प्रदेश कानून अनुसारको सुविधा उपलव्ध गराउने गरी स्वीकृति दिने निर्णय गरियो ।

गोविन्द सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

Scanned with CamScanner